
# पैसाको बोट





# पैसाको बोट


लेखक Author

डा० ध्रुव घिमिरे Dr. Dhruba Ghimire

कृष्णदीप सिग्देल Krishna Dip Sigdel

सौरभकिरण श्रेष्ठ Saurav Kiran Shrestha

चित्राङ्कनकर्ता Illustrator

सुमन महर्जन Suman Maharjan



Room to Read

UN CDF

UN DP

Empowered lives. Resilient nations.

# पैसाको बोट
*Paisako Bot*


| | |
|---|---|
| संस्करण<br>**Edition** | पहिलो, १२,००० प्रति, वि.सं. २०६८<br>**First, 12,000 copies, 2012** |
| मुद्रक<br>**Printer** | एपोलो अफसेट प्रेस<br>**Apollo Offset Press** |
| भाषा<br>**Languages Published in** | नेपाली<br>**Nepali** |

यो किताब रूम टु रीडको प्राविधिक सहयोगमा वित्तीय साक्षरताका लागि नेपाल राष्ट्र बैंक, वित्तीय सेवा पहुँच अभिवृद्धि आयोजनाद्वारा प्रकाशित भएको हो ।

# प्रकाशकीय

आफन्तको बीचमा आर्थिक रूपले विपन्न भएर कोही पनि निकृष्ट जीवन बाँच्न चाहँदैन। हरेक क्रयविक्रयका माध्यम धन नै भएकाले अचेल दिन-प्रतिदिन यसको महत्त्व बढ्दो छ। मानिसहरू धन कमाउने अनेक उपायको खोजीमा रहेका देखिन्छन्। त्यसमा पनि बाल्यावस्था पूरा गरी वयस्क नभईसकेका किशोरकिशोरीमा अझ बढी पैसाको चाहना र चासो रहेको पाइन्छ। तर उनीहरू पैसाको जोगाड गर्ने तरिकासँग भने प्रायः अनभिज्ञ नै रहेका देखिन्छन्।

प्रस्तुत कथा, वित्तीय साक्षरताका सन्दर्भमा किशोरकिशोरीलाई नै लक्षित गरी लेखिएको हो। यसमा अर्थ सङ्कलनका केही विधि, वचतका योजना र खर्चको व्यवस्थापनका सन्दर्भमा प्रकाश पारिएको छ।

आशा छ जुन उमेर समूहका लागि प्रस्तुत पुस्तक तयार पारिएको हो, त्यो उमेर समूहका अतिरिक्त अन्य पाठक महानुभाव पनि यसबाट लाभान्वित हुनुहुनेछ।

# पैसाको बोट

साँझ पर्न लागेको थियो । डुब्न लागेको पहेँलो घामको प्रतिबिम्व पानीमा परेको देखिन्थ्यो । त्यही घामको प्रतिछायाले ढुङ्गा र बालुवा उज्यालिएका थिए । सिरसिर बतास चल्दै थियो। नजिकैका रूखमा बसेका चराहरूको चिरबिरले वातावरण सङ्गीतमय बनेको थियो ।

*'अरूणिमा म तिमीलाई माया गर्छु हो....'*

सुरिलो स्वरमा गीत गाउँदै आइपुग्यो दिलबहादुर । दिलबहादुर साथीहरूबीच 'दिलदार' उपनामले पनि परिचित छ। उसकै प्रतीक्षा गर्दै थिए उसका अन्य तीनजना साथीहरू - अरूणिमा, पासाङ र रतिया । यी चारजनाको जोडी मकवानपुर क्याम्पसभरि प्रसिद्ध छ - 'जी फोर' अर्थात् 'ग्याङ् अफ फोर'को उपनामबाट । हुन पनि क्याम्पसको वार्षिक कार्यक्रम होस् या खेलकुद, क्याम्पस प्रशासनले यिनीहरूकै विचार बुझी कार्यक्रमको टुङ्गो गर्ने गर्छ । गत वर्षको वनभोजमा यिनीहरूले खेलेको सक्रिय भूमिकाका आधारमा क्याम्पसका साथीहरूले नामै राखिदिए - 'जी फोर' ।

यही क्रममा यसपालि दसैं र तिहारको बीचमा क्याम्पसले शैक्षिक भ्रमणको आयोजना गरेको छ । यिनीहरूले त भनेका थिए, अहिले नगरौँ । पहिले सांस्कृतिक कार्यक्रम, खेलकुद वा चिठ्ठा यस्तै केही कार्यक्रमको आयोजना गरेर रकम संकलन गर्ने र त्यो रकम भ्रमणको बेला खर्च गर्ने योजना थियो उनीहरूको । यसबाट विद्यार्थीहरूलाई थोरै धेरै जे भए पनि पैसाको बोझ कम हुने थियो। त्यसैले उनीहरूले प्रस्ताव गरेका थिए - शैक्षिक भ्रमण पुसतिर गरौँ । तर क्याम्पस प्रशासनले पुसमा जाडो बढ्ने र जाडोको मौसममा जोमसोम, मनाङ,



मुस्ताङको भ्रमण उपयुक्त नहुने देखिएकाले दसैंतिहारको बिदाको सदुपयोग गरी भ्रमणमा लाने टुङ्गो गऱ्यो ।

'जी फोर'ले पनि आफ्ना अन्य साथीहरूको राय बुझ्यो । सबै दसैंतिहारमै भ्रमणमा जान इच्छुक देखिए । त्यसैले विभिन्न कार्यक्रमबाट रकम संकलन गर्ने यिनीहरूको योजना सम्भव भएन। आउँदो हप्ताभित्रै हिँडिसक्ने योजना छ। सहभागी सबैले आफ्नो खर्चको जोहो आफैंले गर्नुपर्ने क्याम्पसको उर्दी छ।

अब के गर्ने ? भ्रमणमा जाने कि नजाने ? भ्रमणमा जाने भए पैसाको जोहो कसले कसरी गऱ्यो वा गर्ने छ ? भन्ने विषयमा अन्तिम टुङ्गो गर्दैछन् यिनीहरू राप्ती खोलाको तिरमा बसेर ।

'हाई !' दिलबहादुरले सबैसँग हात ठोक्यो- प्याट्ट, प्याट्ट, प्याट्ट ।


'के छ ? दिल ! पैसाको जोगाड भयो त ?' अरुणिमाले शंकालु स्वरमा सोधी। उसको प्रश्न सुनेर दिलबहादुर फिसिक्क हाँस्यो ।

'पैसा जम्मा गर्न सकिनँ। म त जान नपाउने भएँ भन्यौ भने त तिमीसँग म कहिल्यै बोल्दिनँ के !' अरुणिमाले रिस देखाई ।

'के गर्नु त साथी हो, पैसा नभएपछि ? त्यसै त भन्नु पऱ्यो नि ? बरु तिमीहरूको जोगाड भयो त ?' दिलबहादुरले नमिठो हाँसो हाँस्दै सामूहिक प्रश्न तेर्स्यायो ।

'पैसा जम्मा भइसक्यो' भन्ने भावमा अरुणिमा मुसुक्क हाँसी। पासाङले पनि हरियो झण्डा देखाएझैं हात हल्लायो। रतियाले भने अलिअलि हच्किएझैं गरेर भनी, 'होला नि त।'

उनीहरूको कुरा बुझेर दिलबहादुर छक्क पऱ्यो। अचम्म मान्दै सोच्यो, 'अरु बेला त यिनीहरूसँग पैसा हुँदैनथ्यो। त्यसैले खाजा



खाने बेला, सिनेमा हेर्ने र बस चढ्ने बेला मैले नै पैसा तिरिदिन्थेँ। तर आज शैक्षिक भ्रमण जाने भनेपछि चाहिँ यिनीहरूसँग यति धेरै पैसा कहाँबाट आयो हँ ?'

'हैन हो पासाङ ? तँ त वहाँ फापरबारीको मान्छे। तेरो गाउँमा पैसाको बोट छ कि कसो ? कसरी गरिस् पैसाको जोगाड ?' मनभित्रको खुल्दुलीलाई दिलबहादुरले ओकलिहाल्यो।

'तैँले ठीक भनिस्। साँच्चै मेरो गाउँमा पैसाको बोट छ।' पासाङले रहस्यमय पाराले हाँस्दै भन्यो।

'पैसाको बोट !' सबैको मनमा खुल्दुली बढ्यो।

'त्यो पैसाको बोटको कथा सुन्छस् ?' पासाङले सोध्यो। उसको कुरा सुनेर सबैले एकले अर्कालाई हेरे।

सबैको अनुहारमा उत्सुकता देखेपछि पासाङले लामो सास तान्दै कथा सुरु गऱ्यो।

# कथा पैसाको बोटको

'सुन् साथी हो...


परार पहाडबाट मामा आ'थ्यो । मामाले मेरो छेवरमा भन्डै आधा तोला सुन दियो खुसुक्क । त्यो सुन के गर्ने होला भनेर मैले सोच्यो । त्यसै राखिराखूँ, के काम ? बेचेर लुगा किनुँ, सकिहाल्छ । अनि बुद्धि पुऱ्याएर त्यो सुन बेच्यो – बीस हजारमा । हाम्रो घर नजिकै एउटा विपन्न परिवार बस्छ । मैले त्यस पैसाको दुई जोडी बाख्रा किनेर उनीहरूलाई अधियाँमा पाल्न दियो ।'

'अधियाँ !' अरुणिमाले सोधिहाली, 'के हो अधियाँ भनेको ?'

'अधियाँ भनेको आधाआधा हो,' पासाङले बुझाउँदै भन्यो, 'अधियाँमा पाल्न दिएपछि बाख्राले जे पाउँछ त्यो आधाआधा हुन्छ । याने, पहिलो बेतको बाख्रा उनीहरूलाई, दोस्रो मुलाई । फेरि त्यस्तै त्यस्तै गर्दै २ वर्षमा त मेरो भागमा मात्रै ४-५ वटा खसी बोका भयो । अहिले घुम्न जानको लागि २ वटा घोर्ले खसी बेचिदियो । सोह्र हजार त त्यसै जम्मा भयो ।

यसरी बुद्धि पुऱ्याएको भएर आज म पनि दङ्ग, त्यो परिवार पनि दङ्ग । अनि थाहा छ ? भ्रमणका लागि पैसा छुट्याएर बाँकी हुने पैसा मैले हिजै बैंकमा गएर राखेँ नि – बचत खातामा । बैंकले पनि मेरो पैसाको ८ प्रतिशत ब्याज अनि ब्याजको स्याज पनि दिन्छ नि । बसी बसी मेरो त कमाइ नै कमाइ हुने भयो । लौ, अब तिमीहरू नै भन कस्तो लाग्यो त पैसाको बोटको कथा ?'

'ओहो ! साथी त बाहिरमात्र लाटोलाटो, भित्रको त यो बाठो



## बचत सेवा

बचत गरी भविष्य सुरक्षित गर्नुहोस्

**बचत**
भविष्यमा खर्च गर्नका लागि जोगाएर राखिएको पैसा

**निक्षेप**
बचत खातामा जम्मा गरिएको पैसा

**बचतकर्ता**
बचत खाता भएको व्यक्ति

**बैंकखाता**
बैंकको औपचारिक खाता

**विथड्रअल**
खाताबाट पैसा झिक्ने काम

**कारोबार शुल्क**
वित्तीय संस्थासँग आर्थिक कारोबार गर्दा लाग्ने सेवा शुल्क

**न्युनतम रकम**
खाता खोल्नका लागि आवश्यक न्युनतम रकम

## ऋण सेवा

उद्यमी बनी ऋणको सदुपयोग गर्नुहोस्

**क्रेडिट**
केही समयका लागि बैंक वा वित्तीय संस्थाले आफ्ना ग्राहकलाई दिने पैसा, जुन ग्राहकले पछि बैंकलाई तिर्नु पर्छ ।


**ऋण**
पछि तिर्ने सर्तमा लिएको पैसा

**ऋणका शर्त**
ऋण लिन पूरा गर्नु पर्ने शर्तहरू, यसमा ऋण लिने रकम, ब्याज दर, प्रशासनिक खर्च, ऋण चुक्ता गर्ने समय आदि पर्दछन् ।

**सावाँ रकम**
ऋणबापत ऋणीले लिएको वास्तविक रकम

**ब्याज**
ऋण लिएबापत ऋण प्रदायक संस्थालाई तिर्नु पर्ने रकम

**धितो**
ऋण लिन जमानी स्वरूप राखिएको जिन्सी वा घरजग्गा



पो रहेछ हो । नसकिने भो ।' कथा सुनेर दिलबहादुरले हाँसी हाँसी टिप्पणी गऱ्यो ।

'यार ! बेलैमा जोगाड नगरेको भए यस्तो महँगो सहरमा डेराभाडा तिरेर पढ्न कहाँ सकिन्छ त ? अनि बाठो नबनेर भो र ? बाउआमाले घिउ, दूध बेचेर पठाएको पैसा ह्वारह्वारती खर्च गरेर कहाँ हुन्छ त ?' पासाङले एकै सासमा भन्यो। उसको आँखा चम्किलो देखियो । उसले सन्तोषको सास फेऱ्यो ।

'हुन त हो है पासाङ । पढाइ भनेको ज्ञानका लागि हो । त्यही ज्ञान र बुद्धिले पैसा त आफैँ कमाउने हो । जागिरै खानु पर्छ भन्ने के छ र ? त्यसैले मेरो विचारमा अब पढाइ सकेर तँ त्यही बाख्रापालनलाई पेसा बना ।' रतियाले सल्लाह दिई ।

'सोच त त्यही छ । पेसा नै बनाए पछि त १०/२० वटा मात्र त के पाल्नु ?' पासाङले भन्यो ।

'हो त बैंकसँग ऋण ली । बाख्राको संख्या बढा न । अचेल पढ्न, सवारी साधन किन्न, यहाँसम्म कि घर बनाउन र बिहे गर्न त ऋण पाइन्छ ।' अरुणिमाले सल्लाह दिई ।

'हँ, हो र ?' दिलबहादुरले आश्चर्य चकित हुँदै सोध्यो, 'बिहे गर्न पनि पैसा दिने भए, अब छिट्टै घरजम गर्नु पर्ला ।'

दिलबहादुरको कुरा सुनेर रतिया र अरुणिमा गलल हाँसे ।

'ठीक छ । त्यस्तै गर्ने ।' पासाङले गम्भीर हुँदै भन्यो ।

'के ? ऋण लिएर बिहे गर्ने ?' तुरुन्तै दिलबहादुरले खिसी गर्दै पासाङलाई सोध्यो । दुई केटीहरू फेरि खितिति हाँसे ।

'होइन क्या बाख्रापालन गर्नु पर्ला पो भनेको नि ।' पासाङले दृढतापूर्वक भन्यो । पासाङको कुरा सुनेर सबै गम्भीर बने ।



'अनि अरुणिमा तिम्रो के भयो ?' दिलबहादुरले सोध्यो ।

'अँ, पासाङले सुनबाट पैसाको जोगाड गरेजस्तै मैले पनि पैसाको जोगाड गरेँ घरको नुनबाट ।' अरुणिमाले हाँस्दै भनी । उसको कुरा सुनेर सबै हाँसे । तर उनीहरूले अरुणिमाको कुरा बुझेर हाँसेका थिएनन् । बरु नुनबाट कसरी पैसाको जोगाड भयो होला भन्ने उत्सुकता थियो उनीहरूमा ।

'यसको मतलब चाहिँ के हो नि ?' दिलबहादुरले नै सोधिहाल्यो ।

'यसको मतलब हो- बचत योजना ।' अरुणिमाले उत्तिखेरै उत्तर फर्काई ।

'हँ ?' तीनै जनाले एकै स्वरमा आश्चर्यका साथ सोधे ।

# अरुणिमाको बचत योजना

हो, साथी हो । म घरकी जेठी छोरी । बुबा भारतीय आर्मीमा हवल्दार हुनुहुन्छ । त्यहाँबाट पठाएको पैसाले घर चलाउनु पर्ने बाध्यता छ। त्यसैले मैले हरेक दिन, हप्ता, महिना र वर्षभरिको खर्चको योजना बनाएँ। हामीलाई थाहा छ, घरमा विभिन्न प्रकारका सामानहरू चाहिन्छन् । कुनै सरसामान नभई हुँदैनन् । कुनै महँगा सामानका बदलामा कम मूल्यका वस्तुबाट पनि आवश्यकता पूरा हुन्छ। त्यस्तै कुनै कुनै कुरा नभए पनि हुन्छ । त्यसैले मैले सबैलाई 'अत्यावश्यक', 'पैसा खर्च नगरी गर्न सकिने' र 'फजुल खर्चका चिज' भनी तीन भागमा बाँडी सूची बनाएँ ।

यसरी सूची बनाएपछि कुन चिजमा कति र कसरी खर्च गर्ने भनेर पनि योजना बनाएँ। अनि फजुल खर्च हुने कुराहरूमा मैले सकेसम्म खर्च गर्न रोकेँ। खर्च नगरेर पनि काम हुने रहेछ भने त्यस्तो कुरामा किन खर्च गर्ने, हैन त ? पढ्छौ ?, लौ पढ ।

## अरुणिमाको खर्च वर्गीकरण

| *अत्यावश्यक* | *खर्च नगरी गर्न सकिने काम* | *फजुल खर्च* |
|---|---|---|
| आमाको औषधी | स्वास्थ्य चौकीबाट निशुल्क सेवा लिने | महँगो चिसो पेय पदार्थ वा खाजा |
| विद्यालय शुल्क | विद्यालय जाँदा पैदल जाने | सानो दुरीमा बस चढ्नु |
| नुन तेल र खाना | टेलिभिजनमा फिल्म हेर्ने | धेरै सिनेमा हेर्नु |
| लुगाफाटा | महङ्गो सामान वा लुगा प्रयोग गर्नु | लामो समय फोन गर्नु |
| अन्य | | |



सुरुसुरुमा बुबाले पठाएको पैसाले ६ महिना पुऱ्याउन मुस्किल पर्थ्यो। जब मैले यसरी योजनावद्ध तरिकाले खर्च गर्न थालेँ तब ६ महिनाको खर्च पुऱ्याएर पनि बचत गर्न सकेँ। बचत गरेको पैसा बैंकमा खाता खोलेर जम्मा गर्न थालेँ। थाहा छ ? यो योजना गर्ने बानीले मलाई तीनवटा कुरा सिकायो :

१. नियमित बचत गर्न,

२. अनावश्यक कुरामा खर्च नगर्न, र

३. धैर्य गर्न

पैसा बचाउनु भनेको सजिलो कुरा होइन। हरेक कुराहरूमा हामीलाई पैसा खर्च गरूँ गरूँ लाग्छ। त्यसमा पनि आफूसँग पैसा भएपछि त झन् बचाउन नै गाह्रो हुन्छ, जे पनि किनूँ किनूँ लाग्छ।

बचाएको पैसाले भोलि के गर्ने भन्ने बारेमा पनि मेरो योजना छ। एउटा कम्प्युटर किन्ने विचार गरेकी छु। त्यसका लागि कति जोगाउनु पर्छ र कति समयसम्म जोगाउनु पर्छ भनेर पनि मैले हिसाब गरिसकेकी छु। हेर्छौ ? लौ हेर।

## अरुणिमाको बचत योजना

उद्देश्य : कम्प्युटर किन्ने
अनुमानित लागत : रु. २५,००० - रु. ३५,०००
अनुमानित समय : २ वर्ष
बचत योजना

साप्ताहिक बचत

| हप्ता | बचत | जम्मा |
|---|---|---|
| १०४ | रु. ३०० प्रति हप्ता | रु. ३१,२०० |



अथवा

दैनिक बचत

| दिन (दुई वर्ष) | बचत | जम्मा |
|---|---|---|
| ७३० | रु. ५० प्रति दिन | रु. ३६,५०० |

मैले त सधैँ दिनमा ५० रुपैयाँ जोगाएर खुत्रुकेमा राख्ने गरेकी छु। हरेक तीनतीन महिनामा खुत्रुकेको पैसा लगेर बैंकमा जम्मा पनि गर्छु। अहिले त ब्याज पनि थपिएको छ। दिनमा ५० रुपैयाँ जोगाउनु कुनै ठूलो कुरा त होइन नि। कि कसो ?'

'तर अरुणिमा, प्रत्येक दिन ५० रुपैयाँ जोगाउन सकिन्छ र ?' पासाङले जिज्ञाशा राखिहाल्यो। अरूले पनि 'हो'मा 'हो' मिलाए।

'किन नसक्नु नि ! सजिलै सकिन्छ,' अरुणिमाले यस्तरी सहज ढङ्गले भनी मानौँ उसको घरमा साँच्चै नै पैसाको बोट छ र ऊ मन लागेका बेलामा पैसा टिप्न सक्छे।

'बुद्धि पुऱ्याउने हो भने जे पनि सकिन्छ। हामी घरको करेसाबारीमा तरकारी पनि उब्जाउँछौँ। एक त कहिल्यै तरकारी किन्नु पर्दैन। अर्को बढी भएको बेलामा बेच्न पनि मिल्छ। जताबाट पनि नाफा भएन त !' यति भन्दा अरुणिमाको अनुहार धपक्क बलेको थियो।

अरुणिमाको योजना देखेर दिलबहादुरले नमस्कार गर्दै भन्यो, 'ए, देवी ! मानेँ बाबा मानेँ ! तिमीलाई बिहे गर्ने कति भाग्य-मानी होला हगि ? यस्तो योजना बनाएर चल्ने अनि जति थोरै दिए पनि घर चलाउन सक्ने। त्यसमाथि पनि पैसा बनाउन सिपालु ! के गर्नु, तिमी मेरो भाग्यमा छौ होला त ?' दिलबहादुरको कुरा सुनेर पासाङ आँखा चिम्लेर हाँस्यो।



'पूर्व जन्ममा तपस्या गर्‍या छौ र मसँग बिहे गर्नका लागि ?' अरुणिमाले दिलबहादुरको टाउकोमा प्याट्ट हानेर बनावटी रिस देखाउँदै भनी ।

'मूल कुराचाहिँ सकिन देऊ न पहिले,' रतियाले झर्किंदै भनी ।

'अँ, म भन्दै थिएँ । कम्प्युटर किन्ने मेरो योजना अब केही महिनाका लागि पछि सर्ने भयो । तर केही छैन, शैक्षिक भ्रमण पनि महत्वपूर्ण कुरा हो, कति कुरा जानिन्छ, बुझिन्छ । यसरी घर खर्चबाट जोगाएको केही रकम शैक्षिक भ्रमणका लागि खर्चने विचारमा छु ।' अरुणिमाले दङ्ग पर्दै भनी ।

'अनि मलाई पनि त दिन्छ्यौ कि त अलिकति पैसा ?' दिलबहादुरले प्रश्न गरिहाल्यो ।

'ब्याज दिन्छौ भने सोचौँला,' अरुणिमाले खरो जवाफ दिई, 'पैसा सित्तैँमा आउँदैन, दिलदार महाशय !'

दिलबहादुर र अरुणिमाको कुरा सुनेर रतिया फिसिक्क हाँसी ।

'हैन हो रतिया, तिम्रो पनि अरुणिमाको जस्तै योजना थियो कि ? पैसा कसरी खोज्यो त तिमीले ?' पासाङले सोध्यो ।

'मैले भनिहालेँ नि, मेरो टुङ्गो छैन । अहिले त आफूसँग पूरै पैसा नै छैन । म त फिफ्टी फिफ्टीमा पो छु ।' रतियाले भनी ।

'फिफ्टी फिफ्टी !' दिलबहादुरले कुरा बुझ्न सकेनर सोधिहाल्यो, 'भ्रमणमा जाने अनि बीच बाटोबाटै फर्किने भनेको हो ?'

'याने, जान पनि सक्छु, नजान पनि सक्छु । फिफ्टी फिफ्टी ।' रतियाले अझै पनि रहस्य खोलिन ।

'मतलब ?' सबैको मनमा एउटै प्रश्न उब्ज्यो ।



# फिफ्टी फिफ्टी


'मतलब के भने, म जुन घरमा ट्युसन पढाउँछु, त्यहाँ दुई-तीन महिनाको पारिश्रमिक बाँकी छ। अभिवावकले त्यो छिटै दिन्छु भनेका छन्। अब त्यहाँबाट पैसा आयो भने जान पाइन्छ। नत्र हेरौंला।' रतियाले एकै सासमा भनी।

'यसको माने, तिमी ट्युसन पनि पढाउँछ्यौ !' दिलबहादुरले छक्क पर्दै सोध्यो।

'त के गर्ने ? तिम्रो जस्तो घर त यहाँ छैन हाम्रो। हामी त तराइको मान्छे। घरबाट दालचामल ल्यायो। घरभाडा र पकेट-मनि सबै ट्युसनबाट कमाउने। मैले ट्युसन पढाउन थालेको पनि दुई तीन वर्ष भइसक्यो। मैले त नौ दस कक्षा पढ्दादेखि नै ट्युसन पढाउन थालेको। हाम्रो गाउँमा केटीहरूलाई केटीहरूले नै पढाउँछन्। एसएलसी दिउन्जेल म बिहान बेलुका २-२ सिफ्ट गरी १२ जना केटीहरू पढाउँथेँ।

यसरी पढाउँदा महिनाको दुई तीन हजार हुन्थ्यो। एस.एल.सी. रिजल्ट नहुँदाको बीचको समयमा मैले ब्युटि पार्लरको काम पनि सिकेँ, जुन अहिले काम लागेको छ। अचेल त म बिहान क्याम्पस जान्छु। दिनमा २-४ घण्टा एउटा ब्युटि पार्लरमा काम गर्छु अनि साँझ ट्युसन पढाउँछु।

अरुणिमाले अघि भनेको कुरा सुनेपछि मलाई पनि बचत गर्न मन लागेको छ। पछि गएर एउटा ब्युटि पार्लर खोल्ने विचार गरेकी थिएँ तर पैसा कहाँबाट जुटाउने भनेर अन्यौलमा थिएँ। आज अरुणिमाको कुराले मलाई त गजबको हौसला मिलेको छ। पैसा जोगाएर सपना पूरा गर्नका लागि अरुणिमाको कुराले मलाई दुईवटा कुरा सिकाएको छ :



१. अतिरिक्त पैसा कमाउनुपर्छ र

२. खर्च सकेसम्म कम गर्नुपर्छ ।

यसरी दुई तरिकाबाट पैसा जोगाउन सक्यो भने मानिसले कहिल्यै पैसाको दुःख झेल्नु पर्दैन । मैले त अहिले कमाइ पनि रहेको छु । बस्, त्यो कमाइलाई योजना बनाएर बचत गर्ने बानी बसाल्नु पर्छ । यही बानीले नै मेरो सपना पनि पूरा गर्छ जस्तो लाग्यो । त्यसमा पनि सानोतिनो व्यवसाय गर्नका लागि विभिन्न बैंक र संस्थाहरूले सहयोग दिने नै रहेछ । त्यसको लागि के-के गर्नुपर्छ भनेर अबदेखि बुझ्ने छु ।'– रतियाले सविस्तार बताई ।

'वाफ रे !' यति परिश्रम गरेर कमाएको पैसा घुमेर खर्च गर्नु पर्दा पीर लाग्दैन', दिलबहादुरले भन्यो । दिलबहादुरलाई भने पैसा कमाउनका लागि कहिल्यै मिहिनेत गर्नु परेन । त्यसैले ऊ परिश्रम गर्नुलाई ठूलो कुरा मान्थ्यो ।

'पैसा भनेको गर्जोमा काम आउँछ । भन्छ नि, कामको लागि हीरा फोर्ने, बिना काम नुनको डल्लो पनि नफोर्ने, हैन र ? तर, आफ्नो त अझै फिप्टी फिप्टी पो छ । बरु भन त दिल, तिम्रो कति चान्स छ ?' रतियाले मुस्कुराउँदै दिलबहादुरलाई भनी ।

'मेरो त जीरो परसेन्ट चान्स छ, यसपालि त गइन्न जस्तो छ । के गर्नु, यही बेला खल्तीमा प्वाल पऱ्यो ।' दिलले खिस्रिक्क पर्दै भन्यो ।

'किन ? तिमी हामीमध्ये सबैभन्दा सम्पन्न बाबुको एक्लो छोरो । तिमीले त बेलाबेलामा हाम्रो खाजा र सिनेमाको खर्च पनि बेहोरिदिन्थ्यौ । आज तिमीसँग पैसा छैन भनेर कसरी पत्याउने ?' अरुणिमाले भनिन् ।

'हो भन्या, यसलाई जाने मन छैन जस्तो छ अनि अनेक कुरा गर्छ ।' पासाङले झोक्किँदै भन्यो, 'साँच्ची पैसा छैन



भने बरु तँलाई भनेर म एउटा खसी बेचिदिन्छु, तर तँ नजाने कुरा चाहिँ नगर् ।' पासाङले दिलबहादुरलाई फकाउँदै भन्यो । दिलबहादुर केही बोलेन । अरु बेला बिग्रेको रेडियो जस्तै ख्यारख्यार बोलिरहने दिलबहादुर अहिले चुप भएको देख्दा समस्या गम्भीर छ भन्ने बुझे तीनै जनाले ।

'मैले चान्स छैन त कहाँ भनेको छु र ? खाली जीरो परसेन्ट मात्र भनेको हुँ नि । सोझो मुखले पैसा छैन भन्दा तिमीहरूले पत्याउँदैनौ क्यार !' दिलबहादुरले दिक्क मानेझैँ गरी लामो सास फेर्‍यो ।

# जीरो परसेन्ट चान्स

'हो, साथी हो । म मेरो बुबाको एक्लो छोरा, हेटौंडा बजारमा तीन तलाको घर छ । बुबाको आम्दानी राम्रै थियो । दिनको २०० त मलाई पकेट खर्च नै दिनुहुन्थ्यो । अनि तिमी साथीहरूलाई त्यो पैसा खर्च नगरेर कसलाई गर्ने ? गरियो गर्न त ।

तर अहिले त कुरा सबै उल्टोपाल्टो भइदियो । किन हो बुबा त ढुकुटी खेल्नतिर लाग्नु भएछ । एक जनाले ढुकुटीको सबै पैसा खाएर टाप ठोकेछ । उसको अत्तोपत्तो छैन रे । कारोबार ठूलै रहेछ । बुबा र काकाले त घर समेत धितोमा राख्नुपर्‍यो । बुबा टेन्सनमा हुनुहुन्छ ।

यस्तो पारिवारिक संकटमा मैले कसरी पैसा माग्ने ? तिमीहरूले जस्तो बेलैमा सोच बनाइएन ।' दिलबहादुरले लामो सास फेर्‍यो । मन खिस्रिक्क पार्‍यो । आज अचम्मसँग दिलबहादुरको अनुहार मलिनो देखिएको थियो, जुन उसको स्वभावसँग पटक्कै मेल खाँदैन थियो ।

'तँ नगए हामी पनि जाँदैनौ ।' पासाङले दृढता व्यक्त गर्‍यो ।


'हो त,' सबैले भने ।

'अनि पैसा ?' दिलबहादुरले प्रश्न तेर्सायो ।

'अहिले हामी व्यवस्था गर्छौं, पछि तैँले तिर्नु पर्छ ।' पासाङले जवाफ दियो ।

'सकिनँ भने नि ?' दिलबहादुरले कुरा अझै थप्यो ।

'तिम्रो आजसम्म खाएको ऋण चुक्ता भएको ठानौंला,' अरुणिमाले दृढ हुँदै भनी ।



'अहँ हुँदैन, ऋण भनेर लिएपछि तिर्नैपर्छ, तिर्छु नि ।' दिलबहादुरले सहज ढङ्गमा भन्यो ।

'कसरी तिर्छस् ?' सबैले एकैपटक सोधे ।

'तिमीहरू चाहिँ पैसा बचाउन सक्ने, म चाहिँ नसकुँला र ।' दिलबहादुरले ढुक्क हुँदै भन्यो ।

सबै जना उत्सुक देखिए ।

'तिमीहरूले जस्तै मैले पनि बचत गर्ने मन बनाएको भए अहिले यस्तो अवस्था कहाँ आउँथ्यो र ! अब म पनि योजना बनाएर बचत गर्न थाल्छु । सुन्छौ त म कसरी गर्छु ?' दिलबहादुरले केही सोचेझैं गऱ्यो र आफ्नो योजना बतायो पनि यसरी–

## दिलबहादुरले बनाएको मासिक बजेट

| दिलबहादुरको मासिक बजेट | |
|---|---|
| आम्दानी | जम्मा (महिनामा) |
| पकेट मनिः बुबाबाट | रु.२०० x ३० दिन = रु. ६००० |
| जम्मा आम्दानी | रु. ६००० |
| खर्च | |
| खाजा | रु. ५० x ३० = १५०० |
| यातायात | रु. ५०० |
| मोबाइल खर्च | रु. ४०० |
| मनोरञ्जन | रु. ४०० |
| जम्मा खर्च | रु. २८०० |
| बचत | रु. ३२०० |

'यसरी बचत गर्न थालेपछि त तिमीहरूको ऋण तिर्न कति नै पो समय लाग्ला र !' दिलबहादुरले भन्यो ।

साथीहरू छक्क परे । पासाङ केही बोल्नै लागेको थियो अरुणिमाले उछिनी । उसले मस्किँदै भनी, 'लौ गजब छ, दिलबहादुरको योजना के चानचुन हुन्छ र !'

दिलबहादुर केही बोलेन, खालि मुस्कायो मात्रै ।


त्यसपछि सबै त्यहाँबाट उठे । सबैजना अँगालामा बेरिए ।

'तर साथी हो, बरबादै हुने भो नि', पासाङले झस्केझैँ गरेर भन्यो । साथीहरू वाल्ल परे । मुखामुख गरे ।

पासाङले नै रहस्य खोल्यो, 'दिलबहादुरले वचतको योजना बनायो भने त हामीलाई आपतै पर्छ नि । थाहा छ त्यसपछि त उसले हामीलाई खाजा पनि खुवाउँदैन ।'

उसको कुरा सुनेर सबै गलल हाँसे । हाँसो रोक्यो दिलबहादुरले नै । 'किन पिर गर्छौ साथी हो ! यो समस्या सुल्झेपछि बुबा पनि किन ढुकुटीतिर लाग्नुहुन्थ्यो र ? अब त राम्रो साख भएको बैंकमा नै कारावार गर्ने रे, बुबाले पनि । अनि पकेट मनिबाहेक मैले पाएका अन्य पैसाहरूलाई छुट्टै जम्मा गरुँला नि । त्यसबाट साथीहरूलाई बेलाबेलामा ट्रिट दिन पुगिहाल्छ नि । अब त फेरि तिमीहरूले पनि पैसा जम्मा गर्ने कुरा गरेका छौ । ट्रिट पनि त पालैपालो दिने होला नि । सबै बराबर, कि कसो ?'

सबै जना फेरि हाँसे । तर यसपालि छुट्टिने हाँसो थियो । सबैजना 'बाई !' भन्दै प्याट्ट प्याट्ट हात बजारेर आआफ्नो बाटो लागे ।




यो किताब रूम टु रीडको प्राविधिक सहयोगमा वित्तीय साक्षरताका लागि नेपाल राष्ट्र बैंक, वित्तीय सेवा पहुँच अभिवृद्धि आयोजनाद्वारा प्रकाशित भएको हो। किशोर-किशोरीलाई आर्थिक व्यवस्थापनसम्बन्धी जानकारी दिने उद्देश्यले यसको प्रकाशन गरिएको हो । यसमा दुई किशोर र दुई किशोरीको कथा छ। यस कथामा उनीहरू एउटा उद्देश्यका लागि रकमको जोगाड गर्ने क्रममा छन् । यसै सिलसिलामा अर्थ सङ्कलनका विधि, वचतका योजना र खर्चको तालमेलजस्ता विषयमा उनीहरूबीच छलफल हुन्छ। उनीहरूबीचको यही कथा अन्य किशोर किशोरी र पाठकहरूलाई पनि ज्ञानवर्द्धक र रोचक हुनेछ भन्ने विश्वास छ।

ISBN 9789937258494